बान्नीगढी जयगढ गाउँपालिकाका

अध्यक्ष

श्री टेक बहादुर साउदज्यू

द्वारा प्रस्तुत

बान्नीगढी जयगढ गाउँपालिकाको

आ. व. २०८०/०८१ को

# बार्षिक नीति तथा कार्यक्रम

बान्नीगढी जयगढ गाउँपालिका

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८० साल असार १० गते आईतबार

१. सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचन पश्चात म गाउँपालिका अध्यक्षमा निर्वाचित भएपछि दोस्रो पटक बान्नीगढी जयगढ गाउँपालिकाको दशौं गाउँ सभा समक्ष आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस गरेको छु ।

२. यस महत्वपूर्ण घडीमा लोकतन्त्रको स्थापना, मुलुकको समृद्ध र अग्रगमनको लागी ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नु हुने सम्पूर्ण नेपाली जनतामा पनि उच्च सम्मान व्यक्त गर्दछु ।

३. यस गाउँपालिकामा विगतमा झै अछाम जिल्लाका स्थानीय तह, प्रदेश सरकार र संघ सरकारसँगको समन्वय, सहकारिता र सहअस्तित्वको मान्यताबाट समग्र विकास निर्माणमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउदै सोही बमोजिमको अपेक्षा गर्दछु । विगतका सरकारले थालनी गरेका महत्वपुर्ण तथा गौरबका कार्यक्रमहरुलाई निरन्तरता दिदैं हामी स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भईसकेपछि थालनी गरेका नीति तथा कार्यक्रमहरुको जगमा उभिएर त्यसका अतिरित्त थप नीति तथा कार्यक्रमका साथ अघि बढ्ने जानकारी गराउन चाहन्छु ।

४. निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले आम जनतासँग बान्नीगढी जयगढ गाउँपालिकाको समग्र विकासका लागि गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन सदैव प्रतिवद्ध रहने गाउँपालिकावासीमा विश्वास दिलाउन चाहान्छौं । जनताका आधारभूत सेवा सुविधा जनताकै सबैभन्दा निकटको स्थानिय सरकारबाट प्रवाह गरी गाउँ गाउँमा सिंहदरवार पुऱ्याउने अभियानलाई सार्थक रुप दिन एकजुट भएर उभिने विश्वास समेत दिलाउन चाहन्छौं ।

५. यसै सन्दर्भमा आजको गाउँसभामा हामी दीर्घकालीन सोच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष मा बान्नीगढी जयगढ गाउँपालिकाले लिनु पर्ने नीति तथा कार्यक्रम तयार गरी गाउँको समृद्धिको खाका कोर्ने अवसरमा जुटिरहेका छौं ।

## <u>(क) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )</u>

१. विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ ।

२. नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर वनाएको छ । आन्तरिक र वाह्य वसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

३. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र ,दिगो,फराकिलो र समावेशी आर्थिक विकास गरी "समृद्ध नेपाल सुखी नेपालीको" मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

४. सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ख) विकास तथा समृद्धि लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन,कानून तर्जुमा,योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडाहरुमा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

३. कृषि उत्दपादनको व्यवसायिकरण र बजारीकरण गर्नु ।

४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।।
१०. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
११. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१२. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

बान्नीगढी जयगढ गाउँपालिकाले आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु :

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका बिभिन्न प्रतिवद्धताहरु,
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु,
- प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- स्थानीय नीति तथा प्राथमिकताहरु,तहको आवधिक योजनाले तय गरेका नीति तथा प्राथमिकता,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा सञ्चालन सम्बन्धी ऐन,
- राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,
- विकासका समसामयिक मुद्दाहरु : सहस्राब्दी विकास लक्ष्य, दीगो विकासको लक्ष्यहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास,
- बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा सरसफाइ, पूर्ण उर्जा संकट लगायतका अन्य सम्बन्धित विषयहरु,
- निर्वाचनको क्रममा जारी गरिएका निर्वाचन घोषणापत्रहरु,
- विगत आर्थिक वर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु,

- विभिन्न राजनीति दलहरु, समाजसेवी, शिक्षाप्रेमी, नागरिक अगुवा, अधिकारकर्मी, संघ संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मी लगायत गाउँवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीबाट प्राप्त सल्लाह सुझावहरु,

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः

### (क) शिक्षाः

१. गाउँपालिकाले दरबन्दी सिर्जना गरि शिक्षक पारिश्रमिक अनुदान प्राप्त गरेका विद्यालयलाई निरन्तरता दिदै आवश्यकता र विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी नभएका विद्यालयमा शिक्षक अनुदान दरबन्दी व्यवस्था गरि विद्यार्थी संख्या कम भई शिक्षक दरबन्दी बढी भएका विद्यालयलाई समायोजन र शिक्षक दरबन्दी मिलान तथा नयाँ अनुमति दिने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

२. शिक्षक पेसागत सहयोग विकासका लागि क्षमता विकासका कार्यक्रम र शिक्षक तथा वालविकास सहजकर्ताहरु विच शैक्षिक सामग्रीको निर्माण र प्रदर्शनीका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघसँग शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाबाट अन्तरक्रिया कार्यक्रम त्रैमासिक रुपमा वडा स्तरमा सञ्चालन गरिनेछ ।

४. ICT Lab, विज्ञान प्रयोगशाला र पुस्तकालयको प्रयोगको सुनिश्चितता र व्यवस्थापनका लागि विद्यालय प्रशासनलाई थप जिम्मेवार बनाइनेछ ।

५. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कक्षा ३, ५, ८, १० र १२ को अनिवार्य विषयको सिकाइ उपलब्धि परीक्षण वर्षमा कम्तिमा दुई पटक गाउँपालिकाबाट गरिनेछ ।

६. विद्यालयमा खानेपानी र शौचालयको स्तरोन्तरी गरि विद्यालय स्वास्थ्य, सरसफाई तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउदै सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाका लागि वडा स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।

७. सम्पूर्ण शैक्षिक संस्था (सामुदायिक/संस्थागत) हरुको सम्पत्ति अभिलेखिकरण प्रतिवेदन तयार गरि गाउँपालिकाको Website मा राखिनेछ ।

८. विद्यालय दिवाखाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जनस्तरमा सचेतनामूलक कार्यक्रम गरिनेछ ।

९. पढाइमा कमजोर छात्रछात्राहरुको सिकाइ उपलब्धि बृद्धिका लागि उपचारात्मक कक्षाहरु सञ्चालन र आमा वुवा गुमाएका विद्यार्थीहरुलाई शैक्षिक सामग्री (स्टेश्नरी र पोशाक) को व्यवस्था गरिनेछ ।

१०. मर्मत सम्भव भएका विद्यालय र बालविकास केन्द्रका भौतिक संरचना सुदृढीकरणका लागि "म गर्छु मर्मत मेरो विद्यालय" नीति अपनाइनेछ ।

११. आधारभूत तहको एकिकृत पाठ्यक्रम कार्यान्वयनका लागि मूल्याङ्कन अभिलेखिकरण फाराम निर्माण र स्थानिय पाठ्यक्रम निर्माण गरिनेछ ।

१२. विद्यालय तहमा हुने कक्षा ३, कक्षा ५ र कक्षा ८ को बार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन गाउँपालिकाबाट गरिनेछ ।

१३. शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी शिक्षक अभिभावकहरुको उत्साहजनक सहभागिताका लागि उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वडा शिक्षा समितिका अध्यक्ष र उत्कृष्ट सिकाइ उपलब्धि प्राप्त गर्ने विद्यार्थीहरुलाई सम्मानित एवम् प्रोत्साहित गर्ने कार्य गरिनेछ ।

१४. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई जिवन उपयोगी शिक्षा अन्तर्गत योग, शिविर, मनोविमर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ख) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमः**

१. गाउँपालिका भित्र आयोजना हुने पर्व, मेला तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने र जगेर्ना गर्ने नीति लिइनेछ ।
२. सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको पहिचान तथा संरक्षण गरिनेछ ।
३. स्थानीय भेषभुषा, पहिरन, कला संस्कृति, लोपन्मुख बाजागाजा संरक्षणको लागि विशेष पहल गरिनेछ ।
४. समुदायमा रहेका स्थानीय पाटीपौवा, पटकानी र धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

**(ग) युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः**

१. संघ र प्रदेश सरकार सँगको समन्वयमा गाउँपालिका स्तरीय खेलमैदानको निर्माणका लागी पहल गरिनेछ । साथै गाउँपालिका स्तरीय विभिन्न विधाका खेल प्रतियोगिताहरु संञ्चालन गरिनेछ ।
२. गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद क्षेत्रलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ ।
४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।
५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
६. विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।

**(घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरि GESID Audit लाई प्राथमिकता दिइनेछ ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, दलित, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।
३. सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित तथा छिटो छरितोरुपमा लाभग्राहीहरुले प्राप्त गर्ने कार्यका लागी बैङ्कसंग आवश्यक समन्वय गरिनेछ । जेष्ठ नागरिक परिचयपत्र वितरण गरिनेछ ।
४. ऐतिहासिक कालदेखि दलित समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ । एकल विपन्न दलित महिलाहरुलाई जिवनस्तर उकास्नका लागि आय आर्जन मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
५. छाउपडी गोठहरुको नियमित अनुगमन गरी उचित व्यवस्थापन गरिनेछ । बालविवाह न्यूनीकरणका लागी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
६. स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा बजेट विनियोजन गरि निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
७. जननिर्वाचित प्रतिनिधिहरु र महिलाको सक्रिय सहभागितामा नेतृत्व तथा क्षमता विकास कार्यक्रम गरिनेछ
८. सबै वडाहरुमा टोल विकास संस्थाहरु गठन गर्न नीतिगत व्यवस्था गरी विकासका कार्यक्रमहरुमा टोल विकास सस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।
९. अपाङ्गता भएका (ग) र (घ) वर्गका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
१०. अनाथ र टुहुरा बालबालिकाहरुको पहिचान गरी संरक्षणका लागी विशेष पहल गरिनेछ ।
११. विद्यालयबाट बाहिर रहेका किशोरीहरुका लागी सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१२. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
१४. गाउँ क्षेत्रभित्र छुवाछुत, तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१५. सामाजिक सुरक्षाबाट बञ्चित एकल जीवन ज्यून बाध्य भएका महिला, बालबालिका तथा साहाराविहिन लगायत असहाय व्यक्तिहरुका लागि एउटा छुट्टै कोषको व्यवस्था गरिनेछ ।

**(ङ) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः**

१. आर्थिक रुपमा अति विपन्न, ७० वर्ष भन्दा माथीका जेष्ठ नागरिक र गर्भवती महिलाहरुलाई स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ ।

२. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।
३. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।
४. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।
५. स्वास्थ, पोषण ,खानेपानी, सरसफाई तथा स्वच्छताका लागि कार्यक्रम संचालन गरिनेछ ।
६. स्वास्थ्य चौकीस्तरबाट मासिक रुपमा घुम्ती ग्रामिण अल्ट्रासाउन्ड सेवा सञ्चालन गरिनेछ ।
७. आमा समुह पोषण पाठशाला सञ्चालन गरिनेछ ।
८. सुनौला हजार दिनका आमाहरुलाई गाउँपालिका उपाध्यक्ष पोषण कोशेली बितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ । स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
९. बर्थिङ्ग सेन्टरमा कार्यरत अनमीहरुलाई नाईट भत्ताको आवश्यक बजेटको व्यवस्थापन गरिनेछ । बर्थिङ्ग सेन्टरमा कार्यरत सरसफाई महिला का.स.को त.भको लागी बजेटको व्यवस्थापन गरिनेछ
१०. नियमित लगायत कोभिड १९ खोप कार्यक्रम र पूर्ण खोप सुनिश्चितता तथा दिगोपना निरन्तरता दिईनेछ ।
११. महिला सामुदायिक स्वास्थ्य स्वयंसेबिका सम्मान बिदाई तथा तालिमको ब्यवस्था गरिनेछ ।।
१२. HIV संक्रमित हरुलाई पोषण भत्ता परामर्श सेवालाई निरन्तरता दिईनेछ ।
१३. सबै स्वास्थ्य चौकी किशोर किशोरी मैत्री स्वास्थ्य संस्था निर्माण गरिनेछ ।
१४. सुरक्षित गर्भपतन सेवा सबै स्वास्थ्य चौकीमा बिस्तार गरिनेछ ।
१५. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।

## २. आर्थिक विकास

### क. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रमः

१. कृषि क्षेत्रलाई आर्थिक बृद्धि र रोजगार को प्रमुख संवाहकको रुपमा विकास गरिने छ ।
२. कृषि यान्त्रिकरण, व्यावसायीकरण, बजारीकरण र जलवायु अनुकुलन प्रविधिको प्रबर्धन गरिने छ ।
३. जलवायु असरलाई धान्न सक्ने वातावरण अनुकुल मैत्री स्थानीय बीउबिजनको संरक्षण र विकास मा जोड दिईने छ ।
४. मौरीपालन, माछापालन र च्याउखेतिमा किसानहरु आकर्षिक गर्ने कार्यक्रममा जोड दिईनेछ ।
५. संघीय तथा स्थानीय सरकारको लागत साझेदारीमा जयगढ बजारमा कोल्ड स्टोर निर्माण प्रक्रिया अघि बढाइने छ ।

६. कृषिमा आधुनिकिकरण र व्यावसायीकरण गर्न कृषक लाइ कृषिजन्य यन्त्र उपकरण खरिदमा अनुदानको ब्यावस्था, बिउबिजनमा सहुलियत प्रदान गरिने छ ।

७. कृषि तथा पशुपंक्षी जन्यबस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न निःशुल्क बाली संरक्षण सामाग्री तथा औषधि र खोपको व्यवस्था गरिने छ । समय-समयमा बालि पशुपन्छी उपचार शिबिर संचालन गरिने छ ।

८. कृषि को मुख्य खाद्यान्न बाली (धान,मकै र गहुँ ) र फलफुल तथा पशु बस्तुको घासको बिउ बिरुवा उत्पादनको लागि अनुदानको व्यवस्था मिलाइनेछ ।

९. कृषि क्षेत्रको बिकासको लागि गैर सरकारी संस्थाको साझेदारीमा बजार मुखी कृषि कार्यक्रम संचालनको लागि लागत साझेदारी गरिने छ ।

१०. किसान सूचीकरण तथा कृषि र पशु पन्छी क्षेत्रको तथ्यांङ्क अध्यावधिक गरिने छ |

११. विदेश बाट कृषिमा दक्षता हासिल गरि आएका युवाहरुलाई कृषि मा संलग्न हुने बिशेष बातावरण बनाईने छ ।

१२. जमिनलाई बाझो राख्ने परम्परालाई निरुत्साहित गर्न बाँझो जमिनमा फलफूलका खेती गर्न प्रोत्साहन गरिने छ ।

१३. स्थानीय कृषिको प्रवर्धन र बिकास का लागि बा.ज.गा.पा भित्र संचालनमा रहेका एफ.एम रेडियो हरु सँग सहकाय गरि कृषि जागरण कार्यक्रम हरु संचालन गरिने छ ।

१४. पशुपन्छीमा हुने गम्भिर प्रकृतिका महामारी नियन्त्रण का लागि आवश्यक नीति लिइनेछ ।

१५. कृषकहरुको क्षमता बिकासका लागी तालिम,गोष्टि तथा अन्तर जिल्ला कृषक भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

१६. कृषकहरुले उत्पादन गरेको कृषिजन्य सामाग्री खरिद- बिक्रीका लागि जयगढ बजारमा ब्यावस्थित कृषि उपज संकलन तथा बिक्रि वितरण केन्द्र संचालन गरिने छ ।

१७. कृषि उपजको ढुवानिमा सहजताका लागि संकलन केन्द्र मार्फत कृषि एम्बुलेन्स सेवा संचालन गरिने छ ।

१८. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ ।

१९. स्थानीय गाई भैंसी र बाख्राको नश्ल सुधार गरी उत्पादन तथा उत्पादक्तव बृध्धि गर्न कृतिम गर्भाधान सेवा संचालन गरिनेछ ।

२०. पशुपन्छी पोषण तथा आहाराको आपूर्तिको लागि वर्षे तथा वहूवर्षे पोषिला घाँसको विकास गरिनेछ ।

२१. बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई पशुपालन क्षेत्रमा आकर्षत गरी सुलभ कृषि ऋणकालागि सिफारिस गरी सम्बन्धित बैंकमा आवश्यक पहल गर्ने गाउँपालिकाले साझेदारीमा अनुदानको व्यवस्था गर्नेछ ।

२२. उत्पादन हातमा अनुदान साथमा :विशेष गरी दुध र जिउँदा खसीबोका र बाख्राको मूल्य तोकी प्रति लीटर दुध उत्पादनमा दिईदै आएको अनुदानलाई निरन्तरता दिदै मासु उत्पादनका आधारमा समेत अनुदान दिईनेछ ।

२३. पशुपन्छी उपचारका निमित्त बजेट न्यून हुँदा कृषकहरुले व्यहोर्नु परेको सास्तीलाई न्यूनिकरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२४. पशुपन्छी महामारी रोग फैलिएको बखत वा अन्य कूनै पनि अत्यावश्यक परिस्थिति र समयमा ग्रामिणस्तरमा कृषकको घरदैलोमै प्राविधिक सेवा उपलब्ध गराउन खटिने प्राविधिक कर्मचारीलाई प्रोत्साहन स्वरुप थप भत्ताको व्यवस्था गरिनेछ ।

२५. पशुपन्छी पालन क्षेत्रको विकासकोलागि गाउँपालिका बाहिर वा जिल्ला बाहिरबाट खरिद गरिने उत्पादित वस्तुहरु गाउँपालिका भित्रै गुणस्तरीय रुपमा उत्पादन भएका छन भने पहिलो प्राथमिकता दिई खरिद गरिनेछ ।

२६. करार र सामुहिक पशुपन्छी पालन गर्ने कृषककालागि गाउँपालिकाले आवश्यक मापदण्ड/कार्यविधि बनाई कार्यक्रम लागु गरिनेछ ।

२७. पशुजनको संरक्षण गर्न पशु विमा कार्यक्रमलाई ग्रामिण क्षेत्रमा पुऱ्याउन आवश्यक नीति लिइनेछ ।

२८. पशुजन्य उत्पादनः दुध, फुल, मासु सहज उपलब्धताको लागी ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२९. सञ्चालित कार्यक्रमको संरक्षण र सम्बर्धन गर्न नियमन कार्य अगाडी बढाईने छ ।

३०. सम्भाव्यताको अध्ययन गरी माहुरी र माछा विकास सम्बन्धी नीति लिईनेछ ।

## ख. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमः

१. लघु उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय, उत्पादनमूलक शिक्षा, युवा उद्यमशिलता, युवासिप मुलक तालिममा जोड दिइनेछ ।

२. ४० जना लघु उद्यमीहरुलाई आवश्यकताको आधारमा सिप विकास तालिम प्रदान गरिनेछ ।

३. आर्थिक अवस्थाका कारण ओझेलमा परेका वा बन्द हुन लागेका उद्योगहरुलाई स्तरोन्ती गरिनेछ ।

४. व्यवसायको प्रकृति र आवश्यकताका आधारमा उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ ।

५. उद्यमशिलता माध्यमबाट विपन्न लक्षित वर्ग तथा महिलाहरुका लागि विशेष मागका आधारमा मागमा आधारित तालिम सञ्चालन गरिनेछ ।

६. उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुलाई विक्रि वितरण गर्नमा प्रोत्साहन गरिनेछ ।

७. गाउँपालिका भित्र अनुमति विना सञ्चालनमा रहेका अटो रिक्सालाई दर्ता प्रक्रियामा ल्याउन आवश्यक नीतिगत प्रबन्ध गरिनेछ ।

८. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका छातासैन, विल्थम, बर्ददिवी मन्दिर, बान्नीगढी मन्दिर, जाल्पादेवी मन्दिर, नन्दामाता मन्दिर, ऐतिहासिक स्थल दर्नाको पञ्चदेवल जस्ता ठाउँहरूमा पूर्वाधार विकास निर्माणमा जोड दिईनेछ ।

९. पर्यटन क्षेत्रको पूर्वाधार विकास गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ ।

१०. सम्भाव्य अन्य पर्यटकीय क्षेत्रको पहिचान तथा प्रचार प्रसार गरिनेछ ।

## ग. सहकारीः

१. गाउँ गाउँमा सहकारीका माध्यमबाट सेवा प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरुको प्रवर्दनमा जोड दिईनेछ ।

२. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरू अवलम्बन गरिनेछ ।

३. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गरिनेछ ।

४. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयलाई व्यवस्थित ढंगले अघि बढाईनेछ ।

५. गाउँपालिका क्षेत्रभित्र सञ्चालित छरिएर रहेका सहकारी संस्थालाई मर्ज गर्ने नीति अवलम्बन गरिनेछ ।

## घ. रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण

१. यस गाउँपालिकाले संचालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पुर्ति गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई पहिलो प्राथमिकता दिई सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुती गराईनेछ ।

२. गाउँपालिका तथा वडागत आयोजनाहरु संचालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम संग साझेदारी गरि संचालन गरिनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुमा काम गर्दा गर्दै श्रमिकहरुलाई कुनै किसिमको चोटपटक तथा दुर्घटना भएमा तत्काल उपचारका लागी प्रधानमन्त्री रोजगार कार्यक्रम उपचार व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

४. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय,निजीक्षेत्र तथा सहकारी संग समन्वय र सहकार्यमा जोड दिईनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने आयोजनामा लाग्ने निर्माण सामाग्री/औजारहरु तथा आयोजनामा खटिने श्रमिकहरुको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप सशक्त बनाउनको लागी गाउँपालिकाबाट बजेट विनियोजन गरिनेछ ।

६. आन्तरिक रोजगारीलाई प्रवर्दन,दक्ष तथा सिपयुक्त जनशक्ती उत्पादन, सुरक्षित,मर्यादित तथा नियमित बैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरुको समुचित विकास गर्न पाँच वर्षे रोजगार रणनिति बनाई लागु गरिनेछ ।

७. बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको प्राप्त ज्ञान र सिप समेटिएको व्यवस्थित वडागत तथ्याङ्कको अभिलेखिकरण गरिनेछ ।

८. बैदेशिक रोजगार अन्तरगत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती तथा बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रवाह गर्न रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरिनेछ ।

९. "कोही भन्दा छैन कम,पालिकाको लागी एक दिन श्रम"नारा सहित यस गाउँपालिकामा रहेका जनप्रतिनिधि र कर्मचारीलाई वर्षमा १ दिन विकास निर्माणमा श्रमदानका लागी आव्हान गर्ने निति लिईनेछ ।

## ३. पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिकाको मुल प्रशासकीय भवन निर्माण कार्यलाई तिब्रताका साथ अघि बढाइनेछ । निर्माण हुन बाँकी वडा कार्यालय भवन निर्माणका लागी आवश्य पहल गरिनेछ ।

२. जयगढ बजारमा रहेको अव्यवस्थित खानेपानीलाई नियमित रुपले सञ्चालन गर्न खानेपानीको निर्माणलाई तिव्रता दिई मिटर प्रविधि लागू गरी व्यवस्थित गरिनेछ ।

३. गाउपालिका भित्र निर्माण गरिएका ग्रामिण सडहरुको मर्मत तथा स्तरोन्नती गरिनेछ ।

४. विद्युत नपुगेका गाउँ तथा टोलहरुमा विद्युतीकरण मार्फत विद्युत सेवा प्रवाह गरिनेछ । विद्युत पुऱ्याउन नसकिने दुर्गम टोलहरुमा बैकल्पिक उर्जाको कार्यक्रम मार्फत सौर्य उर्जा उपलब्ध गराइनेछ ।

५. सडकको क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ । सडकको क्षेत्र (Right of Way) नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ ।

६. संघीय सरकार र प्रदेश सरकारको समन्वयमा गाउँ भित्र खर परालले छाएका सबै गाउँ वासी जनताको छानो जस्तापाताले छाउने व्यवस्था मिलाइनेछ ।

७. साँफेबगर नगरपालिकासँग जोडने मुख्य सडकको रुमपा छिपेखोला गाज्रा बर्ददिवी सडक निर्माणलाई प्राथमिकता दिई लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८. खानेपानीलाई नियमित रुपले सूचारु गर्न मर्मत सम्भार कार्यकर्ताको व्यवस्था गरिनेछ ।

९. खानेपानी मर्मतका लागि पाइप तथा फिटिङ सामग्री खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०. पूर्वाधार व्यवस्थापन प्रणाली (IMS) मार्फत आयोजनाहरुको लगत स्टिमेट, सम्झौता लगायत अनुगमन तथा व्यवस्थापन गर्न नीतिगत व्यवस्था गरिनेछ ।

## ४. सूचना, सञ्चार तथा प्रविधि सम्बन्धी नीति तथा कार्यक्रमः

१. सञ्चार माध्मयहरु सँगको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।

२. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्रि बनाइनेछ ।

४. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तहको Open Data portal मा update गरिनेछ ।

५. गाउँपालिका तथा वडा कार्यालयले भए गरेका क्रियाकलापहरुको प्रत्येक महिना Website मार्फत प्रकाशित गरिनेछ ।

६. गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्र र वडाहरुमा सामुदायिक सूचना प्रविधि केन्द्रको स्तरोन्नतिको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिकामा सञ्चालनमा रहेका सामुदायिक सिकाई अध्ययन केन्द्रलाई सूचना प्रविधिमैत्री बनाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

८. गाउँपालिकाबाट प्रवाह हुने प्रशासन,योजना, लेखा, नक्सा, राजश्व,कृषि न्याय समिति लगायत सबै सेवाहरुमा सफ्टवेयर प्रयोग गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ । गाउँपालिकाको प्रत्येक वडा तथा स्वास्थ्य चौकीहरुमा जडान गरिएको ईन्टरनेटको क्षमता बृद्धि गरिनेछ ।

९. गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयमा हस्ताक्षरीत हाजिरी प्रणालीका अतिरिक्त ई-हाजिरी प्रणालीको विकास गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ ।

१०. गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्र र वडाहरूमा सामुदायिक सूचना प्रविधि केन्द्रको स्तरोन्नतिको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११. प्रत्येक वडा कार्यालयमा अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई निरन्तरता दिइनेछ

१२. गाउँपालिकाको राजश्व संकलन केन्द्रलाई प्रविधिमैत्री बनाउन REMIS प्रणाली लागू गरिनेछ ।

## ६. <u>वन, वाताबरण,जलवायु परिवर्तन, फोहोरमैला तथा विपद व्यवस्थापन</u>

१. बान्नीगढी बजार क्षेत्रमा रहेको फोहोरमैलाको दिर्घकालिन व्यवस्थापनका लागी निर्माण गरिएको डम्पिङ साईडलाई थप स्तरोन्नति गरिनेछ ।

२. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

३. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ, वातावरण संरक्षण र व्यवस्थापन कार्यक्रम गरिनेछ ।

४. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

५. खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको नियमित बैठक वडा स्तरीय (त्रैमासिक/चौमासिक) गरिनेछ ।

६. मर्मत सम्भार कार्यकर्तालाई तालिमको व्यवस्था (योजना पुर्व र पश्चात) गरिनेछ ।

७. सुरक्षित खानेपानीको लागि (दुषित भएको) विद्यालय र गाउँपालिकाको कार्यालयमा इलेक्ट्रोनिक फिल्टरको व्यवस्था गरिनेछ ।

८. गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनिकरणका ली आवश्यक नीतिगत पहल गरिनेछ ।
९. विपदबाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ । यस कार्यमा प्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।
१०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

## ७. न्याय कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धि नीति तथा कार्यक्रम

१. गरिब असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराइनेछ ।
२. न्यायीक समिति मार्फत कानूनी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
३. गाउँपालिकाबाट हाल सम्म निर्माण भएका कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशित गरिनेछ । साथै सेवा प्रवाह र विकास निर्माण कार्यमा सिघ्रता र प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक ऐन, नियम तथा कार्यविधि निर्माण गरिनेछ ।
४. सबै वडाहरुमा मेलमिलाप कार्यकर्ताहरुको सूचि तयार गरी मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
५. मानव अधिकारको सम्मान, संरक्षण,संम्बर्धन र प्रबर्धनका लागी आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रबर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ८. सुशासन,सार्वजनिक सेवा तथा संस्थागत विकास सम्बन्धि नीति तथा कार्यक्रम

१. सार्वजनिक खर्च गर्दा हुन सक्ने आर्थिक अनियमिततालाई रोक्दै भ्रष्टाचार मुक्त गाउँपालिका बनाउन सार्वजनिक सम्पत्तिको दुरुपयोग रोक्ने, बेरुजुको पूर्ण रुपमा नियन्त्रण गर्दै सुशासन मैत्री शासन व्यवस्थाको अनुभूति दिलाईनेछ ।
२. बान्नीगढी जयगढ गाउँपालिकाको स्मार्ट पालिका एप्समा गाउँपालिकाको पाश्वचित्रलाई अध्यावधिक गरी गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना, मध्यकालिन खर्च संरचना, राजश्व सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिदलाई पारदर्शी र  थप व्यवस्थित बनाउन विद्युतीय खरिद प्रणालीलाई पूर्णरुपमा लागु गरिनेछ ।
४. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शि, एवम् विश्वसनिय बनाउन कर्मचारी र जनप्रतिनिधीको क्षमता विकासका लागी सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
५. सार्वजनिक खर्चमा मितव्यिता अपनाउन ईन्धन, सवारी साधन मर्मत, भत्ता र विविध प्रकृतिका खर्चमा कटौति गरिनेछ ।
६. कर्मचारीको मनोवल उच्च राख्दै सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न कर्मचारी प्रोत्साहन भत्ता र प्राविधिक फिल्ड भत्तालाई व्यवस्थित  बनाईनेछ ।

## ९. राजश्व तथा आन्तरिक स्रोत परिचालन सम्बन्धि नीति तथा कार्यक्रम

१. बान्नीगढी जयगढ गाउँपालिका भित्र सञ्चालनमा रहेका साना-ठुला सबै व्यापार व्यवसायलाई अनिवार्यरुपमा दर्ता प्रक्रियामा ल्याइ राजश्व संकलनमा वृद्धि गरिनेछ ।

२. आ.व. २०८०/०८१ मा राजश्व संकलन गर्न सकिने सबै सम्भावित क्षेत्रको पहिचान गरी करको दायरा बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ र करको दर विश्लेषण गरी आवश्यकता अनुसार लचकताको नीति लिइनेछ ।

## १०. विविध

१. जंगली जनावरको आक्रमणको न्यूनीकरणका लागि आवश्यक नीति लिइनेछ यस कार्यलाई सुरक्षा निकायसँग समन्वय गरी निरन्तरता दिइनेछ ।

२. जग्गा दर्ता भई जग्गा धनिपूर्जा प्राप्त गर्न छुटेका नागरिकको जग्गा धनि पूर्जा प्राप्तीको लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

३. गाउँपालिका स्तरमा औद्योगिक ग्राम स्थापनाका लागी आवश्यक नीतिगत प्रबन्ध गरिनेछ ।

४. आर्थिक अवस्था कमजोर भएका गरिब तथा अति विपन्न MBBS तथा उच्च शिक्षा अध्ययरत विद्यार्थीलाई शैक्षिक अनुदान प्रदान गर्न नीतिगत व्यवस्था गरिनेछ ।

५. गाउँपालिका क्षेत्रको शान्ति सुरक्षा र अमनचयन कायम गर्न आवश्यक नीति अवलम्बन गरिनेछ । साथै यस गाउँपालिका अन्तर्गतको वडा नं. ६ दर्नामा अस्थायी प्रहरी चौकी स्थापना र जयगढ प्रहरी चौकिलाई ईलाका प्रहरी कार्यालयमा स्तरोन्नतीका लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

६. वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानुन बमोजिम गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुंगा, गिटी र बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत प्रबन्ध मिलाइनेछ ।

७. भू उपयोग योजना कार्यान्वयन गर्न तथ जग्गा सम्बन्धि कार्यको सहजताको लागी एक जना करार सेवामा अमिनको व्यवस्था गरिनेछ ।

८. गाउँपालिकाभित्रका नागरिकहरुको सेवाका लागी आखाँ शिविर संचालन गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।

९. छातासैन, तितापानी, चान्नेवाडा, निगालीकोट, काडाकोट क्षेत्रलाई कृषि व्यवसायिक पकेटक्षेत्रको रुपमा विकास गरिने छ ।

***आदरणीय सम्मानित गाउँसभा सदस्यज्यूहरु,***

लोकतान्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सबै विकास साझेदार निकायसँग सहकार्य रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ । यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध गाउँपालिका निर्माणको महाअभियानमा यहाँहरुको सहकार्यको

लागि सम्पूर्ण सरकारी निकायहरु, निजीक्षेत्र, सरकारी गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, एवं अन्य सम्पूर्ण सरोकारवालाहरुसँग हार्दिक अनुरोध गर्न चाहान्छु ।

***अन्त्यमा,***

प्रस्तुत नीति तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकारात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिँदै आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु, विषय विज्ञ महानुभावहरु, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, विकास साझेदार मित्रहरु, सम्पूर्ण गाउँवासी दाजुभाइ दिदी बहिनीहरु, गाउँको हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुऱ्याउनु हुने संचारकर्मी मित्रहरु एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**"समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने हाम्रो नारालाई सार्थक बनाउन हामी सबै गाउँपालिकाबासी एकढिक्का भएर अगाडी बढ्न सकौं ।

***- धन्यवाद ।***